नगरपालिकाको कार्यालय
सल्यान
२०७३

घ) बजार क्षेत्रमा एक घर अगाडि एक बिरुवालाई कार्यान्वयनमा ल्याई सुन्दर बजार क्षेत्रको निर्माणमा जोड दिने । वृक्षारोपण सप्ताहमा यो कार्य सम्बन्धित वडाले अभियानकै रुपमा संचालन गर्ने ।

ङ) सल्लीबजार बजार क्षेत्रको फोहर संकलनका लागि तत्काल कार्य अगाडि बढाउने । उक्त कार्यमा निजी क्षेत्रको सहभागितालाई प्राथमिकता प्रदान गर्ने ।

च) प्लाष्टिक बोतलमा आउने पानी तथा अन्य पेय पदार्थ एवं पराग, गुट्का, सुर्ती तथा अन्य सुर्तीजन्य पदार्थले वातावरण एवं मानव स्वास्थ्यमा पारेको प्रतिकुल प्रभावलाई दृष्टिगत गर्दै बोतल तथा पुरियामा आउने त्यस्ता सामाग्रीको प्रयोगलाई नियन्त्रण गर्ने । यस कार्यमा वडा स्तरमा जनचेतना कार्यक्रम तत्काल अगाडि बढाउने ।

छ) सडकमा निर्माण सामाग्री तथा छाडा पशु चौपायाको नियन्त्रण गर्ने । सडकमा छाडिएका छाडा पशु चौपायाको क्षतिपूर्ति दिइरहनु नपर्ने व्यवस्था मिलाउने ।

## ४) जनस्वास्थ्य सम्बन्धमा

क) मद्यपान तथा धुम्रपानको प्रयोगलाई नियन्त्रण गर्न जनचेतनामूलक अभियान संचालन गर्ने ।

ख) बजार अनुगमन नियमित रुपमा गर्ने, म्याद नाघेका खाद्यवस्तु, फोहोर र झिंगा भन्केका खानेकुरा एवं विशाक्त अवस्थामा राखिएका खानेकुरा तत्काल नष्ट गर्ने/गर्न लगाउने ।

ग) अधिक तथा अखाद्य रंगको प्रयोग गरिएको पाइएमा खाद्य ऐन अनुसार कारवाही गर्न सम्बन्धित निकायलाई अनुरोध गर्ने ।

घ) भुटेको/तारेको/पोलेको खानेकुरा विशेषगरी मासुको परिकारको प्रयोगलाई निरुत्साहित गर्न जनचेतना अभियान संचालन गर्ने ।

## ५) सेवा प्रवाह सम्बन्धमा

क) वडा कार्यालयहरुको कार्यसम्पादनलाई प्रभावकारी बनाउन जनप्रतिनिधिहरु तथा कर्मचारीका कार्यालयमा हुने उपस्थितीलाई पूर्ण रुपमा नियमित तुल्याउने ।

ख) वडा कार्यालयहरुमा एक हप्ता भित्र गुनासो पेटिका तथा नागरिक वडापत्र अनिवार्य रुपमा राख्ने व्यवस्था गर्ने/गराउने ।

ग) स्थानिय तहमा कार्यरत कर्मचारी तथा जनप्रतिनिधि हरुले नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०७४/२/१७ को निर्णयअनुसार जारी गरिएको स्थानिय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धि आदेश, २०७४ को कडाईका साथ अवलम्बन गर्ने ।

घ) अधिकार प्रत्यायोजन गर्न आवश्यक देखिएमा अधिकार प्रत्यायोजन एक हप्ता भित्र गरी सो को जानकारी नगरपालिका कार्यपालिकाको कार्यालय र आवश्यकता अनुसार अन्य कार्यालयलाई समेत गराउने ।